विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/०६/०४ मा बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

| क.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | वडास्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समिति सम्बन्धमा। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत ऐनको दफा १२(२)(घ)(१) मा वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने व्यवस्था रहेको एवम् दफा १६(४)(ग)(४) मा वडा अध्यक्षको काम, कर्तव्य र अधिकार अन्तर्गत वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने/गराउने, सोको अनुगमन तथा आवधिक समीक्षा गर्ने/गराउने व्यवस्था रहेको ब्यहोरालाई आत्मसात गर्दै उक्त ऐनको मर्म र भावना अनुरुप महानगरपालिकाका स्वीकृत वडास्तरीय योजनाहरूको छिटोछरितो, सहज एवम् प्रभावकारी कार्यान्वयनका सन्दर्भमा आ.व.२०८०/०८१ देखि वडा कार्यालयहरूमा आर्थिक कारोबार (लेखा) सञ्चालन समेत हुने भएकोले राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ र विराटनगर महानगरपालिका, शहरी पूर्वाधार निर्माण कार्यविधि एवम् योजना अनुगमन तथा सुपरीवेक्षण मापदण्ड, २०७९ बमोजिम वडा कार्यालयबाट सञ्चालन हुने रु.२० लाखसम्मका वडास्तरीय आयोजनाको लागत, परिमाण, समयसीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्णपोषण दिन एवम् फरफारकका लागि सिफारिस समेत गर्नका लागि वडास्तरमा देहाय बमोजिमको योजना अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी कार्यान्वयन गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक<br>(२) वडा सदस्यहरू - सदस्य<br>(३) कार्यालयले अनुगमन हेर्न तोकेको इन्जिनियर - सदस्य<br>(४) वडा सचिव - सदस्यसचिव<br>(५) वडाको इन्जिनियर/साइट इन्जिनियर - आमन्त्रित सदस्य |
| २ | विविध। | (क) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०७/०३ मा बसेको बैठकको निर्णयानुसार नगर प्रहरीमा जनशक्ति व्यवस्थापन गर्न विगत लामो समयदेखि निरन्तर रुपमा विद्युत हेल्पर (श्रेणीविहीन) र का.स. पदमा सेवा करारमा कार्यरत कर्मचारीहरूलाई सेवा परिवर्तन गरी नगर प्रहरी जवानमा सेवा करार गरिएकोमा हाल वडा कार्यालयहरूबाट विद्युत सम्बन्धी जनशक्ति अभावका कारण सेवा प्रवाहमा असहजता पैदा भएकोले उक्त कर्मचारीहरूलाई पूनः विद्युत सम्बन्धी कार्यमा खटाइदिन बारम्बार अनुरोध भएको र सडकबत्ती व्यवस्थापन लगायत विद्युत सम्बन्धी कार्यमा खटिने जनशक्ति अभाव भई कार्यालयको सेवा प्रवाहमा समेत कठिनाइ उत्पन्न भएको अवस्थालाई मध्यनजर गर्दै एवम् निज कर्मचारीहरूले समेत पुनः साविककै पदमा कामकाज गर्न पाऊँ भनी कार्यालयमा निवेदन पेश गरेको हुँदा निजहरूलाई नगर प्रहरी सेवाबाट परिवर्तन गरी पुनः साविककै विद्युत हेल्पर र कार्यालय सहयोगी (का.स.) पदमा साविक बमोजिमकै सेवा सुविधा उपलब्ध गराउनेगरी सेवा करार गरी कामकाजमा खटाउने प्रमुखस्तरीय निर्णयलाई समर्थन गरी सर्वसम्मतिले अनुमोदन गरियो। |

प्रतिलिपि

अर्जुन थपलिया
अधिकृतस्तर आठौं

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | अर्जुन थपलिया<br>अधिकृतस्तर आठौं | (ख) विराटनगर महानगरपालिका वडा नं.११ स्थित बसपार्क टर्मिनल भवन समेत सञ्चालन तथा व्यवस्थापनका लागि सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप विराटनगर महानगरपालिका र बसपार्क व्यवस्थापन समिति, विराटनगर ११ बीच मिति २०७५/११/२२ मा मिति २०८१ असार मसान्तसम्मका लागि करार सम्झौता गरी बसपार्क सञ्चालन तथा व्यवस्थापनको कार्य हुँदै आएकोमा महालेखा नियन्त्रक कार्यालयबाट लेखा परीक्षण गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नु भनी पटकपटक निर्देशन भएको तर समितिले नतिरेको साथै सम्मानित उच्च अदालत विराटनगरको मिति २०७७/०३/०३ फैसलालाई समेत आत्मसात् गर्दै उक्त करार सम्झौता रद्द गरी खुला प्रतिस्पर्धामार्फत बसपार्क सञ्चालन तथा व्यवस्थापनका लागि ठेक्का व्यवस्थापन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ग) विराटनगर महानगरपालिकाको नगर प्रहरीले प्रयोग गर्ने पोशाक तथा दर्ज्यानी चिन्हको सम्बन्धमा **अनुसूची-१** बमोजिमको हाल प्रयोगमा रहेको पोशाक तथा दर्ज्यानी चिन्हलाई अनुमोदन गरी सर्वसम्मतिले स्वीकृत गरियो।<br><br>(घ) एसिया क्षेत्रका शहर तथा स्थानीय सरकारहरूको सहकार्य प्रवर्द्धनका लागि स्थापना भएको United Cities and Local Governments, Asia Pacific (UCLG ASPAC) को आयोजनामा सम्वत् २०८० कात्तिक २७ गतेदेखि २९ गतेसम्म (13-15 November, 2023) चीनको यिवु (Yiwu, China) मा सञ्चालन हुने 9th UCLG ASPAC Congress मा सहभागी हुन विराटनगर महानगरपालिकाका प्रमुखलाई निमन्त्रणा आएको हुँदा उक्त कार्यक्रममा सहभागी हुनका लागि प्रमुख श्री नागेश कोइरालाज्यूलाई मनोनयनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत नेपाल सरकारलाई सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ङ) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको तर्फबाट कुनै व्यक्ति वा संघसंस्था उपर कुनै पनि अड्डा अदालतमा फिरादपत्र, रिट निवेदन, उजुरी दायर गर्नुपरेमा सो गर्न एवम् विराटनगर महानगरपालिका, नगर कार्यपालिका उपर कसैले दायर गरेको फिरादपत्र, रिट निवेदन, पुनरावेदन पत्र, उजुरीको विषयमा प्रतिउत्तर पत्र लिखित जवाफ समेत पेश गर्नुपरेमा सो समेत गर्न, मुद्दा मामिलामा कानुन व्यवसायी मुकरर गर्न तथा मुद्दा मामिलाको सिलसिलामा आवश्यक पर्ने जुनसुकै कानुनी कारबाही गर्न, मुद्दाको प्रतिरक्षा गर्न र मुद्दा फिर्ता लिन समेतका लागि महानगरपालिकाका उपप्रमुख श्री शिल्पा निराला कार्कीलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।<br><br>(च) महानगरपालिकाका पदाधिकारीहरूलाई चाडपर्व खर्च उपलब्ध गराउनका लागि नगर सभाको बाह्रौं अधिवेशनबाट पारित आ.व.२०८०/०८१ को बजेट तथा कार्यक्रममा रकम विनियोजन भएकोले कोशी प्रदेश सरकारबाट जारी भएको *गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५* को दफा ३(४) मा भएको व्यवस्था बमोजिम सबै पदाधिकारीहरूलाई एकमुष्ट रु.१५,०००।– का दरले (वार्षिक) चाडपर्व खर्च उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो। |

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | |

(छ) नगर सभाको बाह्रौं अधिवेशनको मिति २०८०/०३/१० मा बसेको बैठकको निर्णय नं.२९(च) बमोजिम २०८० साउनदेखि २०८१ असार मसान्तसम्मका लागि फोहोरमैला व्यवस्थापन शाखाका शाखा प्रमुखलाई मासिक शुरु तलबमानको ५० प्रतिशत र उक्त शाखामा कार्यरत दुईजना कर्मचारीहरूलाई मासिक शुरु तलबमानको ४० प्रतिशत एवम् कार्यालयको विद्युत आपूर्तिसम्बन्धी कार्यमा खटिने कर्मचारी वि.हे. लिलाप्रसाद घिमिरेलाई मासिक तलबमानको ४० प्रतिशत मासिक रुपमा अतिरिक्त भत्ता उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

(ज) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा करारमा कार्यरत कर्मचारीहरूका लागि उपलब्ध हुने बिदा सुविधा सम्बन्धी अस्पष्टतालाई हटाई एकरुपता कायम गर्न नेपाल सरकारबाट करारका कर्मचारीहरूलाई उपलब्ध गराउने सुविधा सम्बन्धी विभिन्न समयमा गरिएको परिपत्र एवम् नेपाल सरकारबाट विभिन्न सशर्त कार्यक्रमहरू अन्तर्गत करारमा जनशक्ति व्यवस्थापनका लागि प्राप्त मापदण्ड/कार्यविधि/ निर्देशिकाहरूमा भएको बिदा सम्बन्धी व्यवस्था समेतका आधारमा राज्य पुनर्संरचना भई स्थानीय तह भएपश्चात नियुक्ति पाएका सेवा करारका कर्मचारीहरूलाई सार्वजनिक बिदा बाहेक *वार्षिक रुपमा सञ्चित भई जिम्मेवारी नसर्नेगरी मासिक एक/एक दिन घर (करार) बिदा र विरामी बिदा एवम् नियमानुसार पाउने किरिया बिदा तथा प्रसूति/प्रसूति स्याहार बिदा* उपलब्ध गराउने र नगर प्रहरी, वारुणयन्त्र लगायत सार्वजनिक बिदाको दिनमा समेत काम गर्नुपर्ने अत्यावश्यक सेवाका कर्मचारीहरूलाई नियमानुसार *सट्टा बिदा* उपलब्ध गराउने साथै तत्कालीन स्थानीय निकाय हुँदाका बखत नियुक्ति पाई अविच्छिन्न रुपमा कार्यरत करारका कर्मचारीहरूका हकमा साविकमा उपलब्ध हुँदै आएको सुविधा बमोजिम नै बिदा सुविधा उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

(झ) नेपाल विद्युत प्राधिकरण, प्रादेशिक कार्यालय, विराटनगर १४ तथा नेपाल विद्युत प्राधिकरण, विराटनगर वितरण केन्द्रको स्वामित्वमा रहेका कार्यालय एवम् आवास भवन तथा संरचनाहरुको नक्सा पास नगरी संरचना बनाई प्रयोग गरिरहेको र लामो समयदेखि सम्पत्तिकर र विद्युत खम्बा (पोल)को शुल्क समेत नबुझाएकोले नियमानुसार नक्सा पास गरी/गराई संम्पत्तिकर असुल गर्ने र विराटनगर क्षेत्रभित्र रहेका विद्युत खम्बाहरूको आगामी नगरसभाबाट अनुमोदन हुनेगरी देहायको दरमा आ.व.२०७४/०७५ देखिको वार्षिक शुल्क असुलउपर गर्ने सर्वसम्मतिले निर्णय गरियो।

<u>विद्युत खम्बाहरूको विवरण र वार्षिक दररेट तथा बक्यौता:-</u>

| क्र. सं. | आ.व. | जम्मा खम्बा संख्या | वार्षिक शुल्क प्रति खम्बा (रु.) | जम्मा रकम (रु.) |
|---|---|---|---|---|
| १ | २०७४/०७५ | २३१५१ | २७५।० | ६३,६६,५२५।० |
| २ | २०७५/०७६ | २३१५१ | ३००।० | ६९,४५,३००।० |
| ३ | २०७६/०७७ | २३१५१ | ३५०।० | ८१,०२,८५०।० |
| ४ | २०७७/०७८ | २३१५१ | ४००।० | ९२,६०,४००।० |

अर्जुन थपलिया
अधिकृतस्तर आठौं

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ५ | २०७८/०७९ | २३१५१ | ४२५।० | ९८,३९,१७५।० |
| | | | ६ | २०७९/०८० | २३१५१ | ४५०।० | १,०४,१७,९५०।० |
| | | | ७ | २०८०/०८१ | २३१५१ | ४७५।० | १,०९,९६,७२५।० |
| | | | | कुल जम्मा | | | ६,१९,२८,९२५।० |

प्रतिलिपि





अर्जुन थपलिया
अधिकृतस्तर आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिका कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

## अनुसूची-१

*(नगर कार्यपालिका बैठक संख्याः २-२०८०/०८१, मिति २०८०/०६/०४)*

(कर्मचारी व्यवस्थापन (सेवा सर्त सम्बन्धी) ऐन, २०७५ को दफा १०९ संग सम्वन्धित)

| पद | दज्यानी चिन्ह | कलर | कै. |
|---|---|---|---|
| नगर प्रहरी नायव उपरिक्षक |  | हरीयो कपडामा, सुनौलो रङको खुकुरी डण्डा क्रस र एक तारा | कार्यालय पोशाक (एक नम्वर डेस) धातुको र फिल्ड डेस (चुस्ता) मा हरीयो कपडामा सुनौलो रङको धागोले वुनेको चिन्ह |
| नगर प्रहरी निरीक्षक |  | हरीयो कपडामा,सुनौलो रङको खुकुरी डण्डा क्रस | ऐ. ऐ |
| नगर प्रहरी नायव निरीक्षक |  | हरीयो कपडामा, सुनौलो रङको दुई तारा | ऐ. ऐ |
| नगर प्रहरी सहायक निरीक्षक |  | हरीयो कपडामा, सुनौलो रङको एक तारा | ऐ. ऐ |
| नगर प्रहरी हवल्दार |  | हरीयो कपडामा, सुनौलो रङको तिन धर्का | हरीयो कपडामा सुनौलो रङबाट बनेको तिन धर्का |
| नगर प्रहरी जवान |  | हरीयो कपडामा, सुनौलो रङको गोलो एक धर्का | कार्यालय पोशाकको लागि मात्र प्रयोग गरीने |

प्रतिलिपि

अर्जुन शर्मा नेपाल
अधिकृतस्तर आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

(कर्मचारी व्यवस्थापन (सेवा सर्त सम्बन्धी) ऐन २०७५ को दफा १३१ संग सम्वन्धित)

| सि.न. | सामानको विवरण | रङ | कै. |
|---|---|---|---|
| १ | चुस्ता (क्याप सहित) | हरीयो | गर्मी जाडो दुवै मौसमको लागि |
| २ | हाफ बाउला सर्ट र पेन्ट | क्रिम कलरको सर्ट,हरीयो पेन्ट (एक नम्बर डेस) | गर्मी मौसमको लागि |
| ३ | फुल बाउला सर्ट र पेन्ट | क्रिम कलरको सर्ट,हरीयो पेन्ट (एक नम्बर डेस) | जाडो मौसमको लागि |
| ४ | उलन जर्सी | हरीयो | जाडो मौसमको लागि |
| ५ | ज्याकेट | हरीयो | ,, |
| ६ | ड्याम वुट | कालो | जाडो गर्मी दुवै |
| ७ | कोरीयन वेल्ट | हरीयो | |
| ८ | उनी मोजा | हरीयो | |
| ९ | सिठी कर्ड | कालो | |
| १० | छडी (महानगरपालिकाको मनोग्राम सहितको) | कालो | |
| ११ | आर्मव्याज (महानगरपालिकाको लोगो सहित) | हरीयो रङको मखमलको कपडामा बनेको | |
| १२ | वेरियर क्याप महानरपालिकाको लोगो भएको पित्तलको मनोग्राम सहित | हरीयो | |
| १३ | वेभ वेल्ट, महानगरको मनोग्राम सहितको | कालो | |
| १४ | टो, सुज (सिनियर अफिसरको लागि मात्र) | कालो | |
| १५ | नेम ट्याग (पितल एक नम्बर डेस र कपडाको चुस्ता) | एक नम्बर डेसमा पित्तलको र चुस्तामा कपडाको | |
| १६ | सेरमोनियल पोशाक (अधिकृत को लागि) | हरीयो | |
| १७ | कलर डक्स (अधिकृत को लागि) | हरीयो कपडामा सुनौलो रङको फिता,महागरको लोगो भएको पितल कलरको वटम | |

विराटनगर महानगरपालिका
नगर कार्यपालिका कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

अर्जुन थपलिया
अधिकृतस्तर आठौं